मेरो देश मेरै उत्पादन

# CIM
## FACTS Newsletter
Issue 20, Chaitra 2079








021-515712

cim.biratnagar@gmail.com

Sahid Marg, Biratnagar-02

# हाम्रो भनाई

समृद्ध राष्ट्र निर्माणको आधार स्तम्भको रुपमा रहेको उद्योग/व्यवसाय क्षेत्रको विकास एवं विस्तारले मात्र आर्थिक समृद्धि हासिल हुन्छ । अर्थतन्त्रको सवलताका लागि आगामी नीति तथा कार्यक्रमले लगानीमैत्री वातावरण, प्रकृयागत सरलता, पर्याप्त पूर्वाधार, उत्पादित वस्तुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारिकरणमा सहजता, दक्ष जनशक्ति विकास, उत्पादकत्व बृद्धि तथा उत्पादन लागत कम गर्न प्रतिष्पर्धि क्षमताको विकास जस्ता उद्योग व्यवसाय मैत्री नीति नीति तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ ।

त्यसैगरी आगामी आर्थिक वर्षका लागि सरकारले ल्याउने वजेटमा आर्थिक विकासलाई सर्वोपरिता दिई यस जटिल अवस्थाको दिगो समाधानका लागि नीजि क्षेत्रलाई समेत विश्वास तथा साथमा लिई आगामी बर्षको बजेटले  स्वदेशी उद्योग, निर्यातमुलक उद्योग तथा समग्र उत्पादनशिल क्षेत्रलाई चलायम(ान बनाउने लक्ष्य लिनु पर्दछ । साथै आर्थिक समृद्धिको जग वसाल्ने गरी यस क्षेत्रवीच अन्तरसम्वन्ध राख्ने सबैपक्षलाई समेटेर उद्यमशिलता तथा व्यवसायिक विकास सेवाहरुको इको सिस्टमको समग्र प्रणाली विकास गर्नु पर्ने नीति अवलम्वन गर्नु पर्दछ ।

सरकार र नीजि क्षेत्र आर्थिक एवं औद्योगिक विकासका लागि परिपुरक भएकाले दुवै पक्षबिच प्रभावकारी समन्वय स्थापित गरि आर्थिक विकास, औद्योगिक विकास, पूर्वाधार लगायतका आर्थिक एवं उत्पादनमुलक औद्योगिक क्षेत्रको विकासमा अनुभूति हुने गरि ठोस र प्रभावकारी नीतिगत तथा वित्तिय स्थिरता कायम गर्दै यस क्षेत्रको आर्थिक एंव औद्योगिक विकासमा टेवा पुग्ने गरि आगामी आर्थिक बर्षको बजेट ल्याउनु पर्दछ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०७९/८० को ८ महिनाको तथ्यङ्कका आधारमा



**१९.९% ले घटेको छ**
आयात



**२९.१% ले घटेको छ**
निर्यात



**२५.३% ले बढेको छ**
विप्रेषण आप्रवाह
(नेपाली रुपैयाँमा)




**७.४४%**
उपभोक्ता मूल्य सूचांकमा आधारित मुद्रास्फीति
(वार्षिक बिन्दुगत आधारमा)



**रू.७७९ अर्ब २३ करोड**
संघीय सरकारको खर्च
(नेपाली रुपैयाँमा)



**रू.१४८ अर्ब ११ करोड**
शोधनान्तर स्थिति
(घाटामा नेपाली रुपैयाँ)



**रू.१३८३ अर्ब ३३ करोड**
कुल विदेशी विनिमय संचिति
(अमेरिकी डलरमा)



**रू.५८२ अर्ब ७७ करोड**
राजस्व परिचालन
(नेपाली रुपैयाँमा)

स्रोत: नेपाल राष्ट्र बैंक, चैत २०७९

# आर्थिक बर्ष २०८०।८१ को बजेटका लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष प्रस्तुत उद्योग संगठन मोरङको सुझाव

## क. प्रस्तावना

लामो समयदेखि मूलूकको अर्थतन्त्र र उद्योग व्यवसाय क्षेत्रमा छाएको मन्दीले देशको अर्थतन्त्रमा प्रत्यक्ष असर पारेको छ । बजारमा व्याप्त आर्थिक शिथिलताका कारण बजार मागमा कमि आएको, वांकी वक्यौता उठ्न कठिनाई भएको तथा उद्योगी व्यवसायीलाई वित्तिय व्यवस्थापनमा कठिनाई भई उद्योगी व्यवसायीहरुलाई आफ्ना कलकारखाना बन्द गर्नुपर्ने बाध्यात्मक अवस्थामा ल्याई पुर्‍याएको छ । समग्र अर्थतन्त्रका सूचकांकहरु लगातार ऋणात्मक भइरहदा एवं नीजि क्षेत्रले उद्योग व्यवसाय क्षेत्रमा गरेको ठुलो लगानी जोखिम उन्मुख भईरहदा समेत सरकारको ध्यान अर्थतन्त्रको व्यवस्थापनमा भन्दा पनि वढी राजनीतिक बिषयमा मात्रै केन्द्रित रहेको छ ।

राजनीतिक र आर्थिक व्यवस्थापनको समानान्तर विकासले मात्र समृद्ध राष्ट्र निर्माण हुने यर्थाथलाई आत्मसात गरी अर्थतन्त्र र उद्योग व्यवसाय क्षेत्रमा देखिएको विद्यमान भयावह स्थितिलाई नजरअन्दाज नगर्न तथा समग्र अर्थतन्त्र शिथिल भएको यो यथार्थलाई गम्भिरतापूर्वक लिन आग्रह गर्दछौ । तरलता अभाव, ब्याजदर बृद्धि, बजार मागमा कमी मात्र होइन अन्तराष्ट्रिय स्तरमा भएको मूल्य बृद्धि, कच्चा पदार्थ एवं इन्धनको मूल्य बृद्धिको चाप, हिउदयाममा औद्योगिक क्षेत्रमा अघोषित लोडसेडिङको समेत प्रत्यक्षरुपमा उत्पादन लागतमा परेको कारणले अहिलेको यो समस्याको प्रकृति जटिल छ । तषर्थ सामान्य प्रकृतिको टालटुले टालटुले समाधानले अहिलेको आर्थिक समस्याबाट निकास दिन नसक्ने विदितै छ ।

अर्थतन्त्रको यस जटिलताको दिगो समाधानका लागि नीजि क्षेत्रलाई समेत विश्वास तथा साथमा लिई आगामी बर्षको बजेटले स्वदेशी उद्योग, निर्यातमुलक उद्योग तथा समग्र उत्पादनशिल क्षेत्रलाई चलायमान बनाउनु पर्दछ । समृद्ध राष्ट्र निर्माणको आधार स्तम्भको रुपमा रहेको उद्योग/व्यवसाय क्षेत्रको विकास एवं विस्तारले मात्र आर्थिक समृद्धि सम्भव छ । लगानीमैत्री वातावरण, प्रकृयागत सरलता, पर्याप्त पूर्वाधार, कच्चा पदार्थको पहुाच तथा उत्पादित वस्तुको बजारिकरणमा सहजता, दक्ष जनशक्तिको उपलब्धतता, उत्पादकत्व बृद्धि तथा उत्पादन लागत कम गर्न प्रतिष्पर्धि क्षमताको विकास, जस्ता उद्योग व्यवसाय क्षेत्रको विकासका लागि अत्यन्त महत्वपूर्ण पक्षवीच एकआपसमा अन्तरसम्वन्ध स्थापना हुनेगरि उद्यमशिलता तथा व्यवसायिक विकास सेवाहरुको इको सिस्टमको समग्र प्रणाली विकास गर्नु पर्ने नीति अवलम्वन गर्नु अपरिहार्य छ । यसै सन्दर्भमा, सरकार र नीजि क्षेत्र बिच प्रभावकारी समन्वय स्थापित गरि आर्थिक विकास, औद्योगिक विकास, पूर्वाधार लगायतका आर्थिक एवं उत्पादनमुलक औद्योगिक क्षेत्रको विकासमा अनुभूति हुने गरि ठोस र प्रभावकारी नीतिगत तथा वित्तिय स्थिरता कायम गर्दै यस क्षेत्रको आर्थिक एंव औद्योगिक विकासमा टेवा पुग्ने गरि आगामी आर्थिक बर्षको बजेटले सम्बोधन गर्नुपर्दछ ।

# १.अनुमानयोग्य नीतिगत व्यवस्था

दिर्घकालिन आर्थिक एवं औद्योगिक विकासका लागी नीजि क्षेत्रले अनुमानयोग्य नीतिगत व्यवस्थाको अपेक्षा गरेको हुन्छ । राजनीतिक अस्थिरताका कारण आर्थिक व्यवस्था सुदृण हुन सकेन भनिरहेका छौ । हाम्रा नीति नियम कानुनहरु अस्थिर भए । सरकार परिवर्तन सगै आर्थिक नीतिगत प्रावधानहरुमा प्रत्यक्ष असर देखा परिरहेको छ । यस्तो अवस्थाको अन्त्यका लागी आर्थिक विकास, औद्योगिक पूर्वाधार विकास, जस्ता मूलभूत विषयहरुमा न्यूनतम साझा मापदण्ड लागू गरिनु पर्दछ ।

विगत केहि बर्षहरुको समग्र आर्थिक नीतिहरु विशेष गरि वित्तिय अवस्था लाई अध्ययन गर्ने हो भने हाम्रो वित्तिय व्यवस्था अत्यन्तै अस्थिर छ। नियमन निकायले वित्तिय क्षेत्रमा एकै पटक झ्याप्पै कसिलो बनाउने कहिले एकैचोटी खुकुलो बनाउने अवस्थाले अस्थिर बनाएको छ। कुनै पनि नीति लागू गरेपछि त्यस्को असर हेर्ने र ब्मवगककतभलत को समय नै नदिने अवस्थाले उद्योगी व्यवसायीले आफ्नो वित्तिय अवस्थाको पूर्व आाकलन गर्न सक्ने अवस्था छैन ।



एति छिटो छिटो नीति नियमहरु परिवर्तन भइरहेको छ की एउटा उद्यमी सधैभरी पर्ख र हेर को अवस्थामा छ । तरलताको अवस्था एवं व्याज दर अस्थिर रहादा उद्योग व्यवसायले व्यावसायिक लागत प्रक्षेपण गर्नसक्ने अवस्था छैन ।तषर्थ, नियमन निकायले पर्याप्त ब्मवगककतभलत को समय दिई यो यो बिषयमा यसरी यो मिति देखि परिमा( र्जन हुदैछ भनी एउटा व्यवसायी उद्योगीलाई तयार रहनका लागी ायचधबचम न्ाष्मबलअभ दिएर मात्रै नयाा नयाा नीति वा वित्तिय औजार प्रयोग गरिनु पर्दछ । दिर्घकालिन आर्थिक एवं औद्योगिक विकासका लागी नीजि क्षेत्रले अनुमानयोग्य नीतिगत व्यवस्थाको अपेक्षा गरेको हुन्छ । नीति नियम कानुनहरु अस्थिर छन । सरकार परिवर्तन सगै आर्थिक नीतिगत प्रावधानहरुमा प्रत्यक्ष असर देखा परिरहेको छ । यस्तो अवस्थाको अन्त्यका लागी आर्थिक विकास, औद्योगिक पूर्वाधार विकास, जस्ता मूलभूत विषयहरुमा न्यूनतम साझा मापदण्ड लागू गरिनु पर्दछ। नीति क्षेत्रले आफ्नो उत्पादनको क्षेत्र तथा सम्भावनालाई आाकलन गर्न सक्तछ र ढुक्कले लगानी गर्दछ ।

## २.सरकारको पूँजिगत खर्च गर्ने क्षमता विकास




कर तथा राजश्व एवं अन्य माध्यमबाट बजारबाट सरकारको खातामा नगद जम्मा हुने तर सरकारले गर्ने पूँजिगत तथा विकास खर्च अत्यन्त न्युन भएकोले बजार चलायमान हुन नसकेको हो । सरकारले गर्ने विकास खर्चको प्रभाव अर्थतन्त्रका हरेक क्षेत्रमा गुणात्मकरुपमा पर्ने भएकोले सार्वजनिक क्षेत्रबाट हुने खर्चलाई प्रभावकारी र द्रुत गतिमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## ३. अन्तरदेशिय व्यापार सहजिकरण एवं व्यापारिक पारवहन पूर्वाधार सदुपयोग

३.१ प्रदेश नं १ को औद्योगिक विकासमा गेम चेञ्जरको रुपमा रहेको तथा निर्माण सम्पन्न भई परीक्षणसमेत भइसकेको बथनाह जोगबनी-विराटनगर एकीकृत भन्सार जााच चौकीसम्मको खण्डमा कार्गो रेल अझै सञ्चालनमा आउन सकेको छैन । कच्चा पदार्थको ढुवानीमा सहजता तथा लागत कम पर्ने र उत्पादन लागत कम भई प्रतिष्पर्धी क्षमता विकास हुने यो रेल्वे सञ्चालनका लागी भारतीय रेल वेका अधिकारीले आइसिपीसम्म रेल वे कार्गोको सञ्चालन गर्न पटकपटक अनुरोध गरिसकेका छन् । तर यो कार्यलाई संघिय सरकारको भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तरगतको नेपाल रेल्वे विभाग मार्फत अघि बढाउनु पर्ने मा नेपाल पक्षले चासो नदिदा सञ्चालनमा आउन सकेको छैन । यो कार्गो रेल्वे तत्काल सञ्चालनका लागी पहल हुन हार्दिक अनुरोध गर्दछौ । साथै, जग्गा मुआब्जा विवादलाई यथाशिघ्र समाधान गरी निर्माणकार्य शुचारु गर्न आवश्यक पहल हुन अनुरोध गर्दछौं । यसबाट उद्योग/व्यवसाय क्षेत्रको कच्चा पदार्थ ढुवानीको मूल्य घटन गई उद्योग व्यवसायको उत्पादन लागत कटौती हुने र प्रतिष्पर्धी क्षमता प्रवर्द्धनमा टेवा पुग्ने छ ।

३.२ समय समयमा कलकत्ता बन्दरगाहमा आउने झन्झटिलो एवं लामो प्रकृयागत जटिलताका कारण बर्षेनी अतिरिक्त लजिष्टक शुल्कका रुपमा ठुलो रकम विदेश गइरहेको तथा उत्पादन लागत बढ्न गई स्वदेशी उत्पादन प्रतिष्पर्धी बन्न नसकेको अवस्था छ । यस सन्दर्भमा पूर्व प्रधानमन्त्रीको भ्रमणका क्रममा भएको प्रधानमन्त्री स्तरिय बैठकमा साहेबगञ्ज र कालुघाटमा Water Terminal बनाई बन्दरगाहबाट बाट सिधै त्यहासम्म जलमार्गबाट ढुवानी गर्ने तथा त्यहाबाटत्यहाबाट सडक मार्ग वा रेल मार्गबाट नेपाल सम्म ल्याउने गरि भएको सहमती हालसम्म कार्यान्वयनमा नआएकोले उक्त सहमतीको अविलम्ब कार्यान्वयन ल्याउन अनुरोध गर्दछौ ।



३.३ नाकाबन्दीको समयमा मित्र राष्ट्र चिनसंग तत्कालिन प्रधानमन्त्री के.पी शर्मा ओलीको भ्रमणमा Transit/ Transportation Agreement भएको र उक्त सम्झौतामा Tianjin, Liyanyungang, Shenzen, Zhanjiang बन्दरगाहहरुबाट नेपाललाई अन्तराष्ट्रिय बजार पहाुच खुला भएको भएता पनि यस रुटबाट कार्गो ल्याउदा लाग्ने लागत, कागजी प्रकृयाको अन्योलताका साथै नीतिगत अस्पष्टताको कारणले हालसम्म कुनैपनि व्यवसायिक कार्गो आउन सकेको छैन । तषर्थ, अन्तराष्ट्रिय व्यापारका लागी भारतीय मार्गमा मात्र रहेको परनिर्भर हटाउन बहुआयामिक महत्वका साथ हेरिएको यो सम्झौता कार्यान्वयनका लागी चिनबाट कार्गो ल्याउदा आवश्यक कागजी प्रकृया सरलिकरण र अतिरिक्त शुल्क सरकारले बहन गरि कार्गो ल्याउन नीजि क्षेत्रलाई अभिप्रेरित गर्नु पर्दछ । उदाहरणका लागी साउथ कोरियाबाट आयात गरिने गाडीहरु वा अन्य वस्तुहरु ल्याउन त्यान्जिङ पोर्ट प्रयोग गर्न सकिन्छ ।

३.५ तेस्रो मुलुकसागको सहज पारवहनका लागि एक नम्बर प्रदेशले साहेबगञ्जबाट कोशी व्यारेजको हनुमाननगरसम्म जल यातायात, रेल यातायात र हवाई यातायात सहितको Multi Modal सुविधा उपयोग गर्ने गरी एकीकृत धारणा बनाउनु पर्ने ।

## ४. निर्यात प्रवर्धनमा कानूनी सुधार तथा प्रकृयागत जटिलता सरलिकरण

४.१ निर्यात प्रवर्धन तथा भारतसंगको व्यापार घाटा कम गर्न स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने र ५० प्रतिशत सम्म ख्बगिभ ब्ममष्तष्यल गर्ने उद्योगलाई नगदमा प्रोत्साहनको सुविधा भारत निर्यात गर्दा समेत दिइनु पर्दछ ।

४.२ निकासीजन्य उद्योगले प्राप्त गर्ने बैङ्क ग्यारेन्टी, नगद धरौटी, पासबुक सुविधाहरू उपयोग गर्न प्रक्रियागत सरलीकरण गर्नु वाञ्छनीय छ । निकासीजन्य उद्योगहरूलाई अन्य देशका असल अभ्यासहरूको अध्ययन गरी नेपाल सरकारले कर नीतिहरूमा सुधार गर्नुपर्ने हुन्छ ।

४.३ निकासीजन्य उद्योगले कच्चा पदार्थ पैठारी गर्दा तिरेको महसुल निकासी गरेको परिमाणका आधारमा फल्याट (Flat) दरमा फिर्ता दिइनु पर्दछ ।

४.४ बैङ्क ग्यारेन्टी, नगद धरौटी, पास बुक सविधाहरूलाई स्वचालित गरी निकासी हुनासाथ निश्चित अवधि भित्र बैङ्क ग्यारेन्टी वा नगद धरौटी स्वत: फुकुवा हुने, पासबुकको रकम र निकासी प्रोत्साहनबापत प्राप्त हुने रकम व्यवसायीको बैङ्क खाता वा छुट्टै क्रेडिट खातामा स्वत: जम्मा हुने प्रणाली विकास गर्नु पर्ने ।

४.५ निकासीजन्य उद्योगले भारततर्फ निकासी गर्दा उपयुक्त अनुगमन प्रणाली विकास गरी जतिसुकै मूल्यको निकासी गरे पनि निकासीजन्य उद्योगले प्राप्त गर्ने सुविधा उपलब्ध गराउन उपयुक्त हुने देखिन्छ ।



४.६ उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने भन्सार महसुलभन्दा तयारी वस्तुको पैठारी महसुल कम भए सोको अध्ययन गरी उद्योगी व्यवसायीले नेपाल सरकारलाई सिफारिस गरेका आधारमा कच्चा पदार्थमा लाग्ने महसुल तयारी वस्तुमा लाग्ने भन्दा २ तह कम गरी समायोजन गर्नु पर्ने । यस्ता कच्चा पदार्थको व्यापारिक उपयोग पनि हुनसक्ने भएमा विचलन हुन नसक्ने प्रणाली/संयन्त्र विकास गरी त्यस्तो कच्चा पदार्थको पैठारीमा समेत निकासीजन्य उद्योगलाई सुविधा दिने ।

४.७ सामुहिक वन्दरगाहमा अवस्थित भन्सार र वन्दरगाह एवम् सीमावर्ती भन्सारको जााचपास प्रक्रियालाई स्वचालित गर्नुपर्ने । बन्दरगाह र भन्सार एवम् भन्सार र भन्सार बिचको सूचना प्रणालीको आबद्धता भएमा व्यवसायीहरूले एक निकायमा पेश गरेको विवरण स्वत: अर्को निकायमा जाने भएकाले नेपालको भन्सार, भारतीय बन्दरगाह एवम् भारतीय भन्सारबिच प्रणाली आबद्धता गरी विद्युतीय सूचना प्रवाहको विकास र कार्यान्वयन गर्नु पर्ने ।

४.८ तेस्रो मुलुकतर्फ निकासी हुने र नेपालले तेस्रो मुलुकबाट पैठारी गर्दा सिङ्गापुर र कोलम्बो बन्दरगाहमा प्राप्त गरे अनुरूपको ट्रान्ससिपमेन्ट सुविधाजस्तै गरी भारतीय बन्दरगाहहरू, बन्दरगाहहरूमा अवस्थित भारतीय भन्सार र सीमावर्ती भारतीय भन्सारमा भन्सार एजेन्टको उपस्थितिबिना नै ट्रान्ससिपमेन्ट सुविधाअन्तर्गत सहज पारवहन सुविधा सुनिश्चित गर्नु पर्ने देखिन्छ ।



४.९ एउटा उद्योगमा धैरै प्रोडक्ट उत्पादन हुन्छ सबै प्रोडक्ट निर्यात हुदैन । वन्डेड वायर हाउसको सुविधा अन्तरगत जुन निर्यात हुन्छ तेहि वस्तुको कच्चा पदार्थ मात्रै बैंक ग्यारेन्टीमा ल्याएको हुन्छ । कुल निर्यातको हिसाब गर्दा आन्तरिक बजारका लागी नगद तिरेर ल्याएको कच्चा पदार्थबाट उत्पादित सामान लाई समेत कुल उत्पादनमा गणना गर्दा वन्डेर वायर हाउसको सूविधा लिन आवश्यक मापदण्ड प्रतिशतको निर्यात हुनुपर्ने मापदण्ड पुरा हुन सक्दैन । त्यसैले निर्यात गर्ने प्रयोजनका लागी बैंक ग्यारेन्टीमा ल्याएको सामानलाई मात्रै बन्डेड वायर हाउसको सूविधाको प्रयोजनका लागी गणना गरिनु पर्दछ ।

४.१० वन्डेड वायर हाउसको सुविधा प्राप्त गर्न प्रत्येक बर्ष नविकरण गर्नुपर्ने र प्रत्येक पटक पहिले बुझाएकै कागजातहरु मग गर्नुका साथै यस्तो सुविधा प्राप्त गर्न भन्सार विभाग नै पुग्नु पर्ने बाध्यकारी व्यवस्थाका कारण निर्यातयोग्य उद्योगहरु उक्त सुविधाबाट बञ्चित हुदै आएकाले प्रकृयागत जटिलतालाई सरलिकृत गर्दै सम्बन्धीत भन्सार कार्यालयबाटै सबै काम हुने गरि सहज व्यवस्था मिलाइनु पर्दछ ।

४.११ एउटा वस्तु उत्पादनका विभिन्न प्रकारका कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ आयात गर्नुपर्ने भएकोले त्यस्को  मूल्य अभिबृद्धि गणना ९ख्बिगिभ ब्ममष्तष्यल० गर्न र ड्युटी ड्रब्याक (Duty Draw Back) सुविधा प्राप्त गर्न विद्यमान झन्झटिलो प्रावधानलाई परिमार्जन गरि वस्तु उत्पादनमा धेरै कम्पोनेन्ट प्रयोगहुने उद्योगको हकमा प्रति केजिका दरले हिसाबगरि म्गतथ म्चबध द्यबअप सुविधा उपलब्ध गराउनु पर्दछ । (उदाहरणका लागी जुत्ता चप्पल उद्योग)

४.१२ पैठारी गरी ल्याएको मालवस्तुमा लगाइएको दरवन्दी फरक परेमा भन्सार कार्यालयले परिमार्जन गरी महशुल असुल गर्ने गरेको छ भने सोही वस्तुमा भन्सार जााचपास परिक्षण कार्यालयले पुन: परिमार्जन गरी थप जरिवाना/दस्तुर असुल उपर गर्ने परिपाटीको अन्त्य गरी पैठारी भई आएको समयमा भन्सार विन्दुमा नै सहि मूल्यांकन गर्ने व्यस्था गर्नुपर्दछ ।

४.१३ भन्सार जााचपास भएको मितिले चार वर्षसम्म भन्सार जााचपास परिक्षण कार्यालयले परिक्षण गर्न पाउने कानूनी व्यवस्थाले उद्योगी/व्यवसायीलाई अनावश्यक कागजातलामो समयसम्म जर्गेना गरी राख्नुपर्ने वाध्यकारी अवस्था सृजना गरेकाले उक्त व्यवस्थालाई परिवर्तन गरी भन्सार जााचपास भएको मितिले बढिमा १ वर्षसम्म परिक्षण गर्न पाउने व्यवस्था गर्नुपर्दछ ।

४.१४ उद्योगहरुले आयात गर्ने ससानो परिमाणको कन्साइनमेन्ट तथा स्पेयर पार्टसमा समेत बिल अफ इन्ट्रि (Bill of Entry) पेश गर्नुपर्ने प्रावधानले धेरै समय लाग्ने भएकोले बिललाई नै आयात मान्नु पर्ने तथा निश्चित रकम तोकी उक्त रकमभन्दा माथिको कन्साईन्मेन्ट र मेशिनरी पार्टस आयातमा मात्र बिल अफ इन्ट्रि आवश्यक हुने व्यवस्था गर्नु पर्दछ ।

४.१५ खाद्य वस्तु भारत निर्यात गर्नका लागी अनिवार्य रुपमा ल्याब परिक्षणका लागी ाक्क्ब्क्ष परिक्षणका लागी कोलकाता पठाउनु पर्ने र परिक्षण प्रतिवेदन प्राप्त गर्न कम्तीमा १५ दिन लाग्ने तथा एक लटका लागी ५० काटुनसम्म नमूना लानु पर्ने बाध्यता भएकाले जोगवनी स्थित क्ष्ऋए मा नै ल्याब सुबिधा उपलब्ध हुने व्यवस्था गर्नु पर्दछ ।



४.१६ GI Wire and Gabin Box को अन्त:शुल्क शुन्य प्रतिशत लाग्ने व्यवस्था गरि निर्यात सुचारु गर्ने सम्बन्धमा आ.व. २०७९।८० को आर्थिक ऐनले स्वदेशमा उत्पादित न्क्ष धष्चभ बलम न्बदष्ल द्ययह मा अन्त शुल्क नलाग्ने व्यवस्था गरेको । अन्त: शुल्क ऐनले अन्त: शुल्क नलाग्ने भनी परिभाषित गरेको र अन्त: शुल्क लाग्ने वस्तुको मात्रै निर्यात गर्दा कच्चा पदार्थमा तिरिएको अन्त:शुल्क फिर्ता गर्ने प्रावधान गरेको छ । यस अवस्थामा न्क्ष धष्चभ बलम न्बदष्ल द्ययह को निर्यात गर्दा अन्त: शुल्क नलाग्ने परिभाषा भित्र परेकोले कच्चा पदार्थ खरिद गर्दा तिरिएको प्रति टन रु ४५००। अन्त:शुल्क फिर्ता पाउने अवस्था छैन । परिणामत: यो प्रावधान लागू हुनभन्दा पहिले करिब ५ अरबको निर्यात हुदै आएको वस्तुको निर्यात ठप्प भएको छ । भारतका छिमेकी शहरहरुमा प्रचुर निर्यातको सम्भावना भएको (करिब रु १० अरब रुपैया सम्मको) न्क्ष धष्चभ बलम न्बदष्ल द्ययह  लाई अन्त: शुल्क नलाग्ने वर्गिकरणबाट अन्त: शुल्क शुन्य प्रतिशत लाग्ने वा निर्यात गर्दा कच्चा पदार्थमा तिरिएको अन्त:शुल्क फिर्ता पाउने व्यवस्था मिलाई निर्यात सहजिकरण गर्नु पर्दछ । साथै यस प्रकारका उद्योगको निर्यात प्रोत्साहनका लागि जि.आई. वायर (हारमोनिक कोड ७२१७२००००, ब्रास सिट (हारमोनिक कोड ७४०९२१००), तारजाली (हारमोनिक कोड ७३१४४१००) जस्ता वस्तु निर्यात गर्दा नगद अनुदान उपलब्ध गराउनु पर्दछ ।




४.१७ आयात गरि ल्याएको कुनै पनि सामान ल्याएको मूल्यभन्दा कम मूल्यमा बिक्रि गर्दा न्युनमूल्यमा बिक्रि गरेको भनी पुन : कर निर्धारण गरि तिर्नु पर्ने प्रावधान व्यवहारिक छैन । वस्तु तथा सेवाको मूल्य बजारले निर्धारण गर्ने भएकोले मूल्य अभिबृद्धि कर बिजक जारी गरि बैंकिङ प्रणालीबाट भूक्तानी भएका कारोबारको हकमा न्युन मूल्यमा कारोबार भएको भनी पुन कर (Add Back) तिराउने अविलम्व बन्द गरिनु पर्दछ ।

## ५. आयात प्रतिष्थापन, स्वदेशी वस्तु प्रवर्धन एवं मूल्य/आपूर्ति औद्योगिक श्रृङ्खला विकास

५.१ उद्योगहरुले आयात गरेको कच्चा पदार्थ (Raw Material) र त्यही सामानको तयारी वस्तु (Finished Goods) मा महशुल दर कम्तिमा २ तह बढि कायम हुनुपर्ने नीति ल्याईनु पर्दछ ।

५.२ न्युनबिजकिकरण भई आयात हुने वस्तुसंग स्वदेशी उत्पादनले प्रतिष्पर्धा गर्न नसकी धारासायी हुदै गएकोले स्वदेशी उत्पादनको प्रवर्धनका लागी न्युनविजकि करणलाई पूर्णरुपमा बन्द गर्नु पर्दछ ।



५.३ कुनैपनि वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनमा प्रयोग हुने प्याकेजिङ वस्तु (Intermedite Packaging Goods) आफै उत्पादन गरी प्रयोग गरेमा ५ प्रतिशत अन्तःशुल्क लाग्दैन । तर सोहि उद्योगले त्यहि प्याकेजिङ वस्तु अर्को कुनै उद्योगबाट खरिद गरेमा ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ । एउटै प्रोडक्टमा भएको यस्तो विभेदकारी कर व्यवस्थाले यस्तो प्रावधान लागू हुनु अघि देखि नै सञ्चालनमा रहेका ठुलो संख्यामा रहेका प्याकेजिङ वस्तु उत्पादन गर्ने उद्योगहरु धारासायी हुने भएकोले अर्को उद्योगबाट प्याकेजिङ वस्तु खरिदगर्दा समेत अन्तःशुल्क नलाग्ने गरि समान व्यवस्था कायम हुनु पर्दछ ।



५.४ प्याकेजिङ वस्तु उत्पादन गर्ने कम्पनीले कच्चा पदार्थ आयात गरि वस्तु तयार गरि नेपाली कम्पनीलाई बिक्रि गर्छ, त्यो कम्पनीले उक्त प्याकेजिङ मेटेरियल प्रयोग गरिएको उत्पादन निर्यात गर्छ भने ड्युटी ड्र व्याक सुविधा पाउदैन । तर आफ्नो उत्पादन निर्यात गर्ने उद्योगले सोझै प्याकेजिङ वस्तु आयात गरि आफ्नो उत्पादन विक्रि गर्दा यस्तो सुविधा पाउछ । यस्तो व्यवस्थाले नयाा उद्योग आकर्षण नहुने हुदा स्वदेशी उद्योगका उत्पादन प्रयोग गर्दा थप सहुलियत दिने गरि यस्तो प्रावधान संसोधन गरिनु पर्दछ ।

५.५ स्वदेशमा आत्मनिर्भर हुन सक्ने वस्तु उत्पादन गर्ने स्वदेशी उद्योगको संरक्षणका लागी सेफगार्ड, र एण्टीडम्पिङ र काउन्टरभेलिङ कानुन कार्यान्वयन गरिनु पर्ने ।

५.६ स्वदेशी वस्तुको प्रयोग सम्बन्धमा : स्वदेशी उत्पादनको बजारको दायरा बढाउन सार्वजनिक निकायले गर्ने खरिदमा उपलब्ध भएसम्म १५ प्रतिशतसम्म मूल्य बढि भए पनि खरिद गर्ने नीतिगत व्यवस्था भएको भएता पनि यस्को कार्यान्वयन हुन सकेको छैन । तसर्थ, सार्वजनिक खरिदमा उपलब्ध भएसम्मका सबै वस्तु तथा सेवाहरु अनिवार्यरुपमा स्वदेशी वस्तु नै खरिद गर्नुपर्ने व्यवस्थालाई स्पष्ट नीतिगत व्यवस्था मार्फत कडाइका साथ लागू गर्न अनुरोध गर्दछौ ।

५.७ उद्योग व्यवसायीले मालवस्तु पैठारी गर्दा गरिने भन्सार मुल्याङकंन सन्दर्भ मूल्यको कार्य अवैज्ञानिक रहेको गुनासो आइरहेको सन्दर्भमा कुनैपनि वस्तुको प्रचलित बजार मूल्य अनुसार मुल्याङकंन गरि सन्दर्भ मूल्य निर्धारण गर्ने व्यवस्था गर्न अनुरोध गर्दछौ ।

५.७ हिमालय अटो इण्डष्ट्रिज प्रा.ली : यस उद्योगले गाडीमा प्रयोग हुने स्प्रिङ पत्ता उत्पादन गर्दै आएको छ । उक्त प्रयोजनका लागी आवश्यक कच्चा पदार्थ (HSC 7226, 7228) पैठारी गर्दा लाग्ने भन्सार महशुल १० प्रतिशत तर साफ्टा अन्तरगत उक्त कच्चा पदार्थ ६ प्रतिशत आयात गर्न सकिने व्यवस्था छ। तर तयारी स्प्रिङ पत्ता (ज्क्च ठघद्द०० पैठारी गर्दा दुइ तहको फरक दर अर्थात १५ प्रतिशत भन्सार दर कायम भएको भएता पनि साफ्टा अन्तरगत उक्त वस्तु ६ प्रतिशत मा नै आयात गर्न सकिने व्यवस्था रहेकोले स्वदेशी उद्योग मारमा परेको छ। तसर्थ, कच्चा पदार्थ र तयारी वस्तुको आयातमा २ तहको फरक भन्सार दर कायम गर्ने नीति साफ्टा सम्झ( ौता संग बाझिएकोले उक्त फरक दर कायम गरि स्वदेशी उद्योग संरक्षण हुने गरि परिमार्जन गरिनु पर्दछ ।

## ६. औद्योगिक पूर्वाधार विकास



६.१ औद्योगिक क्षेत्र निर्माण: औद्योगिक क्षेत्रको आवश्यकतालाई मध्यनजर गरी सुनसरीको अमडुवामा रहेको साल्ट ट्रेडिङको ६५० विघा जग्गामा निर्यात प्रवर्द्धन गर्ने उद्योग स्थापनाका लागि सहजिकरण गर्न आवश्यक सम्पूर्ण पूर्वाधार सुविधा सहितको क्रश वोर्डर औद्योगिक क्षेत्र निर्माण गर्न लामो समयदेखि छलफल भएपनि कार्यान्वयनमा आउन सकेन तषर्थ आगामी आर्थिक वर्षबाट कार्यान्वयन हुने गरि वजेटमा रकम विनियोजन गर्नु पर्ने ।

६.२ औद्यौगिक प्रदर्शनी स्थलको निर्माण: औद्योगिक उत्पादनको बजार प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी स्थल निर्माण गर्न प्रदेश सरकार, विराटनगर महानगरपालिका, उद्योग संगठन मोरङ र मोरंग व्यापार संघले महानगरपालिका वडा नं. ३ स्थित श्री सत्यनारायण मन्दिर संचालन समितिको २ विगाह क्षेत्रफल भएको जग्गा ९५ वर्षको लागि लिजमा लिई अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी स्थल निर्माणका लागि Detail Project Report प्रकृयामा रहेकोले उक्त प्रदर्शनी स्थलको DPR यसै आर्थिक बर्षमा सक्न र निर्माण कार्य प्रारम्भ गर्न आवश्यक सहजिकरण गर्दै बजेट विनियोजन गर्नु पर्ने ।


६.३ कटहरी तर्फ हुलाकी राजमार्ग अन्तरगत सडक विस्तार हुदैछ। बिराटनगर धरान कोशी राजमार्गमा ६ लेनको सडक बनिरहेको छ । दुबै औद्योगिक करिडोरमा ५० औ बर्षदेखि उद्योग रहेको क्षेत्र, उद्योगको अवस्थितीलाई नजरअन्दाज गर्दै सडक बनिरहेको छ। पानिको कुनै पनि निकासको उचित प्रवन्ध गरिएको छैन। उत्तर दक्षिणका सबै कल्भर्टहरु बन्द गरिएको छ । गत कार्तिकको बाढीले तहस नहस पारिसकेको छ। पानीको निकासको ठोस प्रबन्धका लागी तत्काल पहल गरियोस ।

६.४ भारत बंगलादेश भुटान चिन र नेपाल बिचको व्यापारिक लिकंको सम्भावना बोकेको बिराटनगर किमाथांका सडकलाई विश्व स्तरको बनाई Milestone Project को रुपमा अघि बढाउनु पर्दछ।

## ७. उर्जा

### ७.१ नीजि क्षेत्रबाट उत्पादित विद्युत सिधै नीजि क्षेत्रले खरिद गर्न पाउने व्यवस्था

उद्योग व्यवसाय सञ्चालनका लागी आधारभूत कच्चा पदार्थको रुपमा रहेको उर्जा विद्युत आपूर्तिमा सधै समस्या रहेको छ। हाम्रो प्राय : विद्युत परियोजनाहरु रन अफ रिभरमा आधारित भएकोले हिउादको याममा विद्युत आपूर्ति कम हुदा गत बर्ष र यस बर्षको हिाउदमा औद्योगिक क्षेत्रमा अघोषित लोडसेडिङ कायमै छ। हाल दैनिक १० देखि १५ पटकसम्म ट्रिपिङ हुने अघोषितरुपमा दैनिक ५ देखि ७ घण्टासम्म आपूर्ती अवरुद्धहुने समस्याले नीजि क्षेत्र



प्रताडित बनेको छ । जलाशयुक्त परियोजना नबन्दा सम्म यस्को दिर्घकालिन समाधान ननिस्कने भएकाले अब जलाशयुक्त परियोजनाहरुमा मात्रै केन्द्रित हुनु पर्दछ । साथै, नीजि क्षेत्रले उत्पादन गरेको विद्युत प्राधिकरणको प्रशारण लाईन प्रयोग गरि सिधै नीजि उद्योगहरुले खरिद गरि उपयोग गर्न पाउने नीतिगत व्यवस्था गर्नु पर्ने ।

७.२ गुणस्तरिय उर्जाको उपलब्धता : गुणस्तरिय विद्युत आपूर्तिको व्यवस्था गरि ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएशनले हुने अवरोधबाट श्रृजित थप खर्चभार (पावर व्याकअप जेनेरेटर वा युपिस जडान गर्न बाध्य) बहन गर्ने अवस्थाको अन्त गरिनु पर्ने । साथै, उत्पादनमूलक उद्योगको हकमा विद्युत महशुल दरमा २५ प्रतिशतसम्म छुट अनुदान दिने व्यवस्था गरिनु पर्दछ । जसबाट उद्योगहरुका उत्पादन क्षमता प्रतिष्पर्धात्मक हुन गई विदेशी आयातलाई प्रतिस्थापन गर्न सकिने छ ।

७.३ विद्युतको टि.ओ.डी मिटर, अन्तर्गत विद्युत महशुल चार्ज गर्दा पुश, माघ, फाल्गुण र चैत्र महिनामा टि ३ को मुल्यलाई टि २ को सरह नै लिईने गरेको छ। बिगत ५-७ बर्ष अघि चर्को लोडिसेडिङ हुदा गरिएको यस्तो व्यवस्था अव विजुली बिक्रि गर्ने अवस्थासम्म कायमै हुनु न्यायसंगत नदेखिएकाले टि ३ को महशुल वर्षभरी समान हुनुपर्दछ ।

७.४ विद्युतको डिमाण्ड शुल्क लगाउनु पर्ने आधारभूत कारण देखिदैन । लोडसेडिङको स्थितीमा वा भिन्न अवस्थामा भिन्न प्रयोजनका लागी लगाइएको डिमान्ड शुल्कको प्रावधान विद्युत बिक्रि गर्ने अवस्थामा आइपुग्दासम्म कायम हुनु दुर्भाग्य हो । हाल पनि सुख्खायाममा विद्युत अभावभई औद्योगिक क्षेत्रमा लोडसेडिङ भइरहेतापनि डिमान्ड शुल्क पुरै चार्ज गर्ने गरिएको छ । यसको लागत विश्लेषण गरी हेर्नु आवश्यक छ । उद्योगी उपभोक्ता मैत्री नभएको यस्तो प्रावधान खारेज गर्नुपर्छ ।

## ८. आन्तरिक राजश्वसंग सम्बन्धित बिषयहरु

८.१ करदाताको आयमा सम्बन्धीत पार्टीले कर कट्टी गरि जम्मा नगर्ने, सम्पर्कमा नआउने, दाखिला गलत गर्ने, ढिला गर्ने, वा अर्को आर्थिक बर्षमा जम्मा गर्नाले करदाताको कर पनि दाबी नहुने र पछिल्लो आय बर्षमा समेत सो अग्रिम कर मिलान नहुने समस्या रहेकोले आफ्नो प्रमाणको आधारमा मिलान गर्न पाउने व्यवस्था गर्नु पर्दछ ।

८.२. कुनै उद्योगले लागतमुल्यभन्दा घटीमा आफ्नो सामान बिक्रि गरेको बिललाई मान्यता दिइने गरेको छैन साथै, बिलको फरक रकमलाई न्युनबिजकिकरण भनी आयमा समावेश गरि असुल्ने गरिएको छ। घटिमुल्यमा बिक्रि गरेको बिललाई मान्यता दिइनु पर्ने ।



८.३ आन्तरिक राजश्व विभागमा कर विवरण राख्दा बिक्रिको विवरण अटोमेटेड राख्ने व्यवस्था छ म्यानुअल राख्न पर्दैन तर खरिदको विवरण भने म्यानुअल र अटोमेटेड दुबै राख्नु पर्दछ । यस्ले दोहोरो काम थप गरेकोले खरिदको विवरण पनि बिक्रिको विवरण समान अटोमेटेड मात्रै राख्न पर्ने व्यवस्था गर्नु पर्ने ।

८.४ राजस्व सम्बन्धी मुद्दामा जाादा करदाताह( रुले नगद रकम धरौटी राख्नुपर्ने प्रावधान रहेको तर यस्तो नगद करदाताको नाममा रहेको ट्याक्स क्रेडिट (Tax Credit) रकमलाई उपयोग गर्न नदिई पुनःनगद धरौटी राख्नुपर्ने वाध्यकारी व्यवस्थाले उद्योगीमा आर्थिक भार पर्नजाने भएकाले उक्त व्यवस्थाको सट्टा ट्याक्स क्रेडिट रकमलाई वा सो रकम बराबरको बैंक ग्यारेन्टीलाई मान्यता दिने व्यवस्था गर्नुपर्दछ ।

८.५ सर्वोच्च अदालतमा पुनरावेदनको लागि सरकारी निकायले अनुमति माग गर्दा ६ महिना भित्रमा अदालतबाट अनुमति प्राप्त हुन नसकेमा राजस्व न्यायधिकरणको फैसला नै अन्तिम मानिने व्यवस्था हुनुपर्दछ ।

८.६ राजश्व सम्वन्धी मुद्दा हेर्ने अधिकारप्राप्त निकाय राजश्व न्यायाधिकरण कार्यालयको संयोजकमा न्यायधिश

८.७ ठूला करदाता कार्यालयको क्षेत्राधिकार भित्र पर्ने काठमाण्डौ वाहिरका उद्योगीहरुले राजश्व न्यायाधिकरणको मुद्दाका लागि राजश्व न्यायाधिकरणको कार्यालय काठमाण्डौ मै पुग्नुपर्ने अवस्था अव्यवहारिक भएकाले यस्तो कार्यालयको स्थापना प्रदेश स्तरमा गर्नुपर्दछ ।

८.९ **कबाडी करसंग सम्बन्धित समस्या:** एउटा उद्योगले उत्पादन प्रकृयामा बाइप्रोडक्टका रुपमा रहेको तर अर्को उद्योगको कच्चा पदार्थकोरुपमा प्रयोग गर्न मिल्ने वस्तुहरुलाई कबाडी वस्तु मानी स्थानीय निकायहरुले कर लगाउदै आएको छन ।



Inland Revenue Department

कवाडीको तथ्यपरक र व्यवहारिक स्पष्ट परिभाषा (कबाडीको परिभाषा Rest & Piece Collected हुनुपर्ने) संघिय सरकारबाटै गरि सबै पालिकामा एकै प्रकारको व्यवस्था मिलाइनु पर्दछ ।

८.१० नेपालको कानुनले निर्यातमुलक उद्योगको कच्चा पदार्थमा कुनै पनि प्रकारको कर नलाग्ने स्पष्ट व्यवस्था भएको भएता पनि स्थानीय पालिकाहरुले कर लगाउदै आएका छन (जस्तै कााचो छाला) । संघिय र स्थानीय कानुनका प्रावधान एकआपसमा बाझिएकोले निर्यातमुलक उद्योगका हकमा संघिय कानुनले निर्दिष्ठ गरेको व्यवस्थाको खिलाफ स्थानीय कानुन हुनुहुदैन ।

८.११ महिला उद्यमशिलता विकास : हाल नेपाल सरकारले महिला उद्यमशिलता प्रोत्साहनका लागि रु.१५ लाखसम्मको सहुलियतपूर्ण कर्जा उपलब्ध गराउदै आएको छ। वढदो महंगीका कारण वर्तमान समयमा उक्त कर्जा उद्यमशिलता विकासका लागि अत्यन्त न्यून भएकाले महिलाहरुलाई उद्यमशिलता प्रोत्साहन गर्न रकमको सिमा थप गरी रु. १ करोडसम्मको सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्नुपर्दछ ।

# अनुसुचि १

## विभिन्न उद्योगहरुका प्रत्यक्ष सरोकार राख्ने विषयगत सुझावहरु

९.१ उदाहरण जय श्री पोलिमर्श प्रा.ली जुत्ता चप्पल बनाउने उद्योगबाट प्राप्त सुझाव : एउटा वस्तु उत्पा( दनका विभिन्न प्रकारका कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ आयात गर्नु पर्नेभएकोले त्यस्को मूल्य अभिबृद्धि गणना ९ख्बगिभ ब्ममष्तष्यल० गर्न र ड्युटी ड्र्याक ९म्गतथ म्चबध द्यबअप० सुविधा प्राप्त गर्न विद्यमान झन्झटिलो प्रावधानलाई परिमार्जन गरि वस्तु उत्पादनमा धेरै कम्पोनेन्ट प्रयोगहुने उद्योगको हकमा प्रति केजिका दरले हिसाबगरि म्गतथ म्चबध द्यबअप सुविधा उपलब्ध गराउनु पर्दछ ।

९.२ उदाहरण प्याकेजिङ मेटेरियल उत्पादन गर्ने श्री लेमिनार इण्डष्ट्रिज प्रा.ली, श्री पशुपती पोली र मल्टी पोलि प्याकबाट प्राप्त सुझाव : धेरै कम्पोनेन्ट हुन्छ गणना प्रकृयाको मापदण्ड भएता पनि केहि तजविजि अधिकार प्रयोग गरि झन्झटिलो बनाइएको छ । शुरुमा ड्युटि फिर्ता सुविधा प्राप्त हुन्छ भन्ने अपेक्षामा माल निर्यात गरिन्छ तर विभिन्न बहानामा फिर्ता लिन कठिनाई हुदा हाल आएर निर्यात क्रमशः घटेको छ। मापदण्ड बनाएर सहमती भए पश्चात सो लागू हुनु पर्दछ)

९.३ उदाहरण हुलास वायर इण्डष्ट्रिजको सुझाव : जिआई सिट, कपर सिट र ब्रास सिट निर्यात प्रयोजनका लागी बैंक ग्यारेन्टीमा र टिएमटि छड आन्तरिक खपतका लागी नगद भन्सार तिरेर आयात गरिन्छ। तर कुल उत्पादनमा दुबै गणना गर्दा भ्यालु एडिसनक प्रतिशतको निर्धारित निर्यात मापदण्ड पुग्न नसकेको कारण ३ बर्ष देखि बन्डेड वायर हाउस नविकरण भएको छैन र ३ बर्ष अगाडीसम्म ४०० करोडको निर्यात गरिरहेको कम्पनी आज निर्यात शुन्य छ ।)

९.४ उदाहरणः एशियन लेदर इण्डष्ट्रिज प्रा.ली : छाला प्रशोधनमा प्रयोग हुने केमिकलको आयातमा ३० प्रतिशतसम्म महशुल र थप मुल्यअभिबृद्धि कर लाग्छ । भ्याट छुट दिने भनिएको छ तर यस्तो छुट प्राप्तीमा अत्यन्तै समस्या छ यस्लाई सहज र सरल प्रकृयाबाट दिने व्यवस्था मिलाउनु पर्दछ। उद्योगीले नगद अनुदान प्राप्त गर्ने रकमलाई आम्दानी मानेर जोडेको हुन्छ तर यस्तो रकम प्राप्त हुन नसक्दा घाटामा जाने भएकोले दिने भनेको अनुदान दिइनु पर्दछ। ३ बर्ष देखी डेड करोड रुपैया नगद अनुदान लिन नसकेको ।

९.५ उदाहरणः एशियन लेदर इण्डष्ट्रिज प्रा.ली : छाला उद्योग ९० निर्यात गर्ने उद्योग हो यस्तो उद्योगले ८० देखि ९० प्रतिशतसम्म भ्यालु एडिशन गर्दछ। नेपालको पहाडी क्षेत्रमा बढि मात्रामा रागा भैसी र तराईमा खसि बोकाको काचो छाला प्रशोधन गरि करिब ६० लाख स्कावर फिट छाला चाइना र इटलीमा निर्यात हुदै आएको तर यस्तो विशुद्ध निर्यातमुलक उद्योगलाई नेपाल सरकारले सिआइपिको क्लष्टर लिष्टबाट गत २ बर्ष देखि हटाएको छ। प्रोत्साहन गर्नुपर्ने उद्योगलाई निरुत्साहित पारिएकोले पुनः क्लष्टर लिष्टमा समावेश गरिनु पर्ने ।

९.६ उदाहरण: हुलास मेटल क्राफ्टबाट प्राप्त सुझाव : आर्थिक बर्ष २०७७।७८ बाट स्टेनलेस स्टिलका सामाग्री उत्पादन गरि बााकी रहेको स्क्राब निर्यातमा ५ प्रतिशत भन्सार निकासी शुल्क लागेको र यस आ.वमा पुन थप भएकोले यस्तो स्क्राबको भारतमा निर्यात हुदै आएकोमा बजार अभाव भएको छ । पुन: प्रयोग गर्न मिल्ने यस्तो स्क्राब पगाल्ने उद्योग नेपालमा छैन भारत पठाउनु पर्छ त्यसैले स्टेनलेश स्टिल पत्रुमा साविक सरह शुन्य निकासी महशुल कायम गरि पत्रु व्यवस्थापन र निकासी प्रवर्धनमा सहजिकरण हुनुपर्ने ।

९.७ उदाहरण: हुलास मेटल क्राफ्ट : बिराटनगर मुलुककै सबैभन्दा पुरानो औद्योगिक क्षेत्र हो । यहाा सयौ बर्ष पुराना उद्योगहरु छन । यस्ता उद्योगहरुको प्रयोजनका लागी तत्कालिन समयमा आयात गरि ल्याइएका मेशिन औजारहरु अहिलेको जमानामा आउट डेटेड भए । यस्ता मेशिन औजारलाई पुन: बिदेशमा खास गरि भारतमा बिक्रि गर्ने पाए देखि प्रविधि परिवर्तनमा धेरै सहजता आउने थियो ।

## १०. स्वदेशी उत्पादन प्रवर्धनसंग सम्बन्धित

१०.१ उदाहरण गौमती फुड्स प्रा.लीको सुझाव : भारतबाट आयात हुने गहुको भन्सार मुल्याकंन प्रति केजि रु २० भारु कायम गरिएको छ तर बास्तविक बजार मुल्य सधै फरक पर्दछ, त्यसैले भन्सार मुल्याकंन प्रत्येक ३ महिनामा बजारको वास्तविक मुल्यका आधारमा समायोजन गर्नु पर्ने र कृषि उपजहरु भारतका विभिन्न नाकाबाट आउने मुल्य फरक फरक पर्न सक्छ । त्यसकारण नोपलका सबै भन्सार बिन्दुहरुमा एउटै मुल्य निर्धारण गरिनु पनि न्यायोचित हुदैन ।

१०.२ उदाहरण जय श्री पोलिमर्श प्रा.ली : भन्सारमा न्युन विजिकिकरण गरि चिन र भारतबाट स्वदेश मै आत्म निर्भर हुन सक्ने जुत्ता चप्पलहरु ठुलो परिमाणमा आयात भइरहेकोले स्वदेशी जुत्ता चप्पलले अस्वस्थ्य प्रतिष्पर्धा गर्नु परिरहेको छ। गत २ आर्थिक बर्षमा आयात भएका जुत्ता चप्पलहरु मध्ये २०७५।७६ मा ९०.९ प्रतिशत र २०७६।७७ मा ८१.२ प्रतिशत जुत्ता चप्पल नेपाली रुपैया ३०० भन्दा कम मुल्यका आयात भएको थियो । यसरी स्वदेशमा नै आत्म निर्भर भएका उत्पादनमा न्युन विजिकरणमा आयात हुदा नेपाली उद्यागीहरुको विकास विस्तारमा कठिनाई उत्पन्न भएको छ ।

१०.३ उदाहरण वैंकटेश्वर उड प्यानल इण्डष्ट्रिज : प्लाइउड मुख्य उत्पादन रहेको यस उद्योगमा आवश्यक कच्चा पदार्थ फेस भेनियर वर्मा, चिन, इन्डोनेसियाबाट आयात गरिन्छ। अन्य भेनियरहरु स्वदेशी गोलिया कै बिशेष गरि पहाडको उतिसबाट तयार हुन्छ। लगभग कुल कच्चा पदार्थमा ७० प्रतिशत कच्चा पदार्थ स्वदेशी हो। भारतबाट तयारी प्लाईउड अन्डरविलिङ भएर आउछ। जस्लेगर्दा करिब ७० प्रतिशत स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योगहरुले उक्त न्युन बिजकिकरण भएर आएको मालसंग मुल्यमा प्रतिष्पर्धा गर्न सक्दैन । वास्तविक मुल्यभन्दा लगभग ४० प्रतिशत कम मुल्यसम्ममा आइरहेको भेटिएको छ । गुणस्तरमा स्वदेशी प्लाई उद्योग प्रतिष्पर्धा गर्न सक्षम छौ । फेयर बिजनेशको वातावरण तयार गरिदिनु पर्यो ।)

१०.४ उदाहरण : बि.के मसला उद्योग : कच्चा पदार्थ जिराको भन्सार मुल्याकंन प्रति केजी रु १५५ छ तर बजार घटबढ भइरहेकोले कम मुल्यमा आएको सामान पनि बढि मुल्याकंन गर्दा बिल मिलाउन हिसाब राख्न समस्या छ । बढाएर देखायो भने उल्टो फाइन तिर्नुपर्छ । त्यस्तै सिजनिङ मसलाको भन्सार मुल्याकंन ३५० भारु छ तर मसलाको वास्तविक मूल्य रु १०० भारु प्रति केजी पर्छ । पाटीले बिल बढाएर बनाउदैन । धेरै नै समस्या भएको छ । वास्तविक मुल्याकंन गर्नु पर्दछ ।)

१०.५ उदाहरण श्री रविन्द्र होजियारी, श्री फेशन फेब्रिक प्रा.ली : कच्चा पदार्थको रुपमा प्रयोग हुने कटनको धागो भारतबाट आयात गरिन्छ । भारतमा यस्को बजार मुल्य  मुल्य प्रति केजि रु ३०० आइसिको हाराहारी पर्छ र सोहि मुल्य अनुसार भन्सारबाट पास हुन्छ । तर सोहि धागोबाट बनेको फिनिस कपडा आयात गर्दा न्युनतम भन्सार मुल्याकंन रु १७५ मात्रै छ यस्ले गर्दा हामीजस्तो स्वदेशी कपडा उद्योगीहरुले प्रतिष्पर्धा गर्न सकेनन ।)

१०.६ उदाहरण जष्मिन हाइजिन प्रोडक्ट : नेपालमा बेबि डाइपरको माग २० करोड पिस प्रति बर्ष रहेको र उत्पादन २५ करोड पिस प्रति बर्ष रहेको छ। नेपालमा भएका उद्योगहरुले माग बमोजिमको गुणस्तरिय डाइपर उत्पादन सक्षम छन । तषर्थ, स्वास्थ्य मापदण्ड समेत पालना नभई आयात भइरहेको डाइपरलाई कडाई गरि स्वदेशी उत्पादनको प्रवर्धन गर्नु पर्दछ ।



१०.७ उदाहरण श्री सुनिल राइस मिल : चामल आयातको भन्सार दर ८ प्रतिशत (टिडियस २.५ प्रतिशत थप) र धान आयातको् भन्सार दर ५ प्रतिशत रहेकोमा चामल र धान आयातमा २ तहको फरक कायम गरि चामल आयातलाई निरुत्साहित गर्दै स्वदेशी राइस मिलहरुको प्रवर्धन गर्नु पर्दछ ।)

१०.८ उदाहरण श्री आरती स्ट्रिप प्रा.ली : जस्ता पातामा लगाउने कलर पेन्ट यस उद्योगको कच्चा पदार्थ हो । यो कलर घरायसी प्रयोजनको पेन्टमा प्रयोग हुदैन । तर उद्योगले औद्योगिक कच्चा पदार्थको प्रयोजनका लागी घरायसी प्रयोगमा नआउने कलर पेन्टलाई फिनिस गुड सरह ३० प्रतिशतको भन्सार शुल्क छ । कच्चापदार्थ सरहको सूविधा पाउनु पर्दछ अनि मात्रै नेपाली उत्पादन प्रवर्धन हुन्छ ।)

१०.९ उदाहरण श्री बालाजी पेपर इण्डष्ट्रिज : कपि तथा रजिष्टर बनाउने यस उद्योगको कच्चा पदार्थको रुपमा आयात गर्ने पेपर र फिनिस कपिहरुको भन्सार शुल्क बराबर २० प्रतिशत छ । यस्ले गर्दा प्रतिष्पर्धा गर्न कठिनाई भएको छ ।)

१०.१० उदाहरण श्री हुलास मोटर्स : नेपालको पहिलो गाडी बनाउने कम्पनी युरो थडको मापदण्डको कानुनी व्यवस्था र सो व्यवस्था अनुसारको मापदण्ड अपग्रेड गर्ने पर्याप्त समय नदिएको कारण बन्द भएको । राज्यको स्वदेशी उद्योग प्रवर्धन्न गर्ने निति भएन । हाल सिटी रिक्सा बनाइरहेको उद्योग त्यसमा पनि फिनिस माल ल्यायेर बेच्न नै फाइदा छ । यहा ल्याएर एसेम्बल गर्नभन्दा सस्तो सिटि रिक्सा नै ल्याउदा पर्दछ । भन्सार राजश्वका कारण सरकार फिनिस गुड ल्याउन प्रोत्साहन गरिरहेको छ । यस्ले स्वदेशी उद्योग प्रवर्धन भएन ।

१०.११ उदाहरण पर्फेक्ट फुड्स प्रा.ली : चुइगम उद्योगको संरक्षणका लागी यस्को कच्चा पदार्थ गम बेसको भन्सार दर ३० प्रतिशत छ । लिक्युइड ग्लुकोजको १० प्रतिशत र फ्लेबरको १५ प्रतिशत छ तर तयारी चुइगमको ३० प्रतिशत छ । नेपालका चुइगम उद्योगले माग धान्न सक्ने अवस्थामा छन । गत बर्ष रु ६२ करोडको १९ हजार के.जि चुइगम आयात भएको । तषर्थ, तयारी र फिनिस वस्तुको समान भन्सार दरका कारण प्रतिष्पर्धा गर्न सकेन । कच्चा पदार्थको भन्सार दर ५ प्रतिशत गरि संरक्षण गर्नु पर्ने ।

१०.१२ उदाहरण पूर्वाञ्चल ल्युब आयल प्रा.ली : नेपालमा करिब रु २० अरब नेपाली रुपैया बराबरको ल्युब्रिकेन्ट्स खपत हुन्छ । नेपाली उत्पादनले रु ३ अरब (१२ नेपाली कम्पनीहरु) र बााकी १७ अरबको आयात हुन्छ । हरेक बर्ष यस्तो ल्युब आयलको माग बढिरहेको छ । नेपाली कम्पनीहरु स्वदेशी माग धान्न सक्षम छन, गुणस्तरिय उत्पादन पनि छ । तर केहि जटिलताहरु छन जस्ले नेपाली कम्पनीलाई उत्पादन क्षमता बढाउन आकर्षित गर्दैन ।

नेपाली उत्पादन र आयातित वस्तु बिचमा रहेको भन्सार दरका कारण नेपाली उत्पादन प्रतिष्पर्धी मात्र नभएको होइन क्रमशः धाराशायी तर्फ उन्मुख छन :

- खुला सिमानाका कारण गैहृकाननूनी रुपमा आयात भइरहेको ।
- कच्चा पदार्थ (HS CODE) २७१०१९६० को भन्दा तयारी वस्तु (HS Code) २७१०१९१९० को रेडिमेड माल वस्तु न्युन विजकिकरण भई कम मूल्यमा आयात भइरहेको छ । जस्ले गर्दा स्वदेशी उत्पादनहरु प्रतिष्पर्धाबाट बाहिरिन बाध्य छन । नेपाल सरकारले न्युनतम मुल्य तोके पनि कार्यान्वयन भएको छैन ।

  - तषर्थ नेपाली उत्पादनलाई प्रवर्धन गरी आयात प्रतिष्थापन गर्न तयारी ल्युब्रिकेन्ट्सलाई १५ प्रतिशतले एन्टिडम्पिङ लगाउनु पर्छ ।

  - तयारी माल आयात गर्दा आयातकर्ताले अनिवार्यरुपमा एजेन्सी सर्टिफिकेट तथा गुणस्तर सर्टिफिकेट लिने व्यवस्था मिलाउनु पर्ने ।

  - आयात गर्दा खरिद गरिने विदेशी कम्पनीले कम्तीमा ३ वटा देशमा निर्यात गरेको प्रमाण र API सर्टिफिकेट हुनु पर्ने ।

१०.१३ उदाहरण श्री स्वष्तिक आयल इण्डष्ट्रिज प्रा.ली : निर्यातमुलक खाने तेल उत्पादन गर्ने उद्योगले प्याकेजिङ मेटेरियलका लागी आवश्यक टिनको फिनिस वस्तु अर्थात रेडिमेड टिन आयात गर्दा भन्सार महशुल लाग्दैन तर उक्त टिन ल्याएको खर्च भ्यालु एडिशनमा खर्च जोड्न पाइदैंन । जस्ले गर्दा ३० प्रतिशत भ्यालु एडिशन हुनु पर्ने मापदण्ड पुर्याउन कठिनाई पर्दछ । तेल निर्यात गर्ने उत्पादनक उद्योगले आफै यस्तो टिना बनाउन प्लेन सिट ल्याउदा पनि त्यसमा भन्सार महशुल छुट हुन्छ तर अर्को कुनै प्याकेजिङ तथा सहायक वस्तु उत्पादन गर्ने उद्योगले प्लेन सिट ल्याएर निर्यातमुलक उद्योगको माग बमोजिम टिना बनाउछु भन्यो भने उक्त उद्योगले ल्याउने प्लेन सिटमा भन्सार महशुल छुट हुदैन ।

१०.१४ उदाहरण श्री लेमिनार इण्डष्ट्रिज प्रा.ली, श्री पशुपती पोली र मल्टी पोलि प्याक : प्याकेजिङ वस्तु उत्पादन गर्ने कम्पनीले कच्चा पदार्थ आयात गरि वस्तु तयार गरि नेपाली कम्पनीलाई बिक्रि गर्छ, त्यो कम्पनीले उक्त प्याकेजिङ मेटेरियल प्रयोग गरि उत्पादन निर्यात गर्छ भने ड्युटी ड्र व्याक सुविधा पाउदैन । तर आफ्नो उत्पादन निर्यात गर्ने उद्योगले आफै प्याकेजिङ वस्तु आयात गरि आफ्नो उत्पादन विक्रि गर्दा यस्तो सुविधा पाउछ । अब नेपाली प्याकेजिङ वस्तु कसरी प्रतिपर्धि बन्न सक्छ ?

१०.१५ उदाहरणः एशियन लेदर इण्डष्ट्रिज प्रा.ली : सार्वजनिक निकायमा आवश्यक वस्तु तथा सेवाहरु अन्तराष्ट्रिय मापदण्डको भनेर टेन्डर खुल्छ तर अन्तराष्ट्रिय मापदण्डको प्रमाण पत्र कहाबाट कसरी प्राप्त गर्ने बारेको सेवा सरकारले व्यवस्था गर्न सकेको छैन यस्तो सेवा सहज उपलब्ध नगराई अन्तराष्ट्रिय स्तरको मापदण्डको प्रावधान राख्नु भनेको स्वदेशी उद्योगलाई धारासायी बनाउने मात्र हो । नेपाली छाला उद्योगहरु नेपाल प्रहरी, शशत्र प्रहरी, नेपाल आर्मीले प्रयोग गर्ने जुत्ता आपुर्ति गर्न सक्षम भए पनि यस्ता प्रावधानका कारण नेपाली कम्पनीहरु बञ्चित छन ।

१०.१६ उदाहरण: एशियन ब्याट्रीज प्रा.ली : नेपालमा उत्पादन हुने ब्याट्रि परिमाणले स्वदेशी माग धान्न सहजै सकिन्छ, स्वदेशी हाम्रो उत्पादनको गुणस्तर आयातित भन्दा कम छैन तर राज्यको स्वदेशी उद्योग प्रवर्धन गर्ने नीति नहुदा र आयातकर्ता ठुला व्यापारीहरुको कनेक्सनका कारण स्वदेशी उत्पादन फष्टाउन सकेको छैन ।

१०.१७ उदाहरण: एशियन फिड : भारतसंगको खुला सिमाना र यो खुला सिमानाबाट अवैधरुपमा पशु आहारा दाना तथा चल्लाहरुको ओसार पसारका कारण बजारमा प्रतिपष्पर्धा गर्न निकै ठुलो समस्या परेको छ । यस्तो अवैध ओसार पसारलाई पूर्णरुपमा नियन्त्रण गर्नु पर्दछ ।

१०.१८ उदाहरण प्रिमियर अर्गानिक नेपालमा अन्नबाट स्प्रिट उत्पादन गर्ने ७ वटा उद्योग छन । माग भन्दा बढि स्प्रिट उत्पादन गर्ने क्षमता छ, उत्पादन पनि छ तर पनि ठुलो परिमाणमा स्प्रिट आयात भइरहेको छ । स्वदेशी उत्पादनलाई प्रवर्धन गर्न आत्मनिर्भर भएको स्प्रिटको आयातमा रोक लगाई स्वदेशी उद्योगलाई प्रवर्धन गर्नु पर्दछ ।



## १०.१९ जुट उद्योगहरुसंग सम्वन्धित

नेपालमा स्थापित ११ उद्योगहरु मध्ये ५ वटा उद्योगहरु वंगलादेश र भारतीय जूट उद्योगसाग प्रतिष्प्रर्धा गर्न नसकी बन्द भएका छन भने जसोतसो संचालनमा रहेका ६ उद्योगले खुल्ला प्रतिष्प्रर्धाद्वारा ९५% तयारी वस्तु भारत निर्यात गरी व्यापार घाटा कम गर्न मद्दत पुर्‍याउदै आएका छन ।

नकासी व्यापारलाई वढावा दिदै आएका जुट उद्योगह( रुको प्रवर्दनका लागि उद्योग मन्त्रालयको नेतृत्वमा अर्थ मन्त्रालय लगायत सम्बन्धित निकायको प्रतिनिधित्व रहने गरि गठित जुट उद्योगको दिगो सञ्चालन र जुट बाली विकासको लागि नेपाल सरकारबाट जूट मिल्सहरुको प्रतिष्प्रर्धात्मक क्षमता अभिवृद्धि गरि दिगो सञ्चालन सम्बन्धी कार्यदलको अध्ययन प्रतिवेदन २०७८ मा उल्लेखित प्रावधानहरुको कार्यान्वयन र जूट उद्योगको दिगो विकास, यसबाट कृषि, वातावरण लगायतका क्षेत्रमा पुगेको योगदानलाई मध्यनजर गरी जुट उद्योगको प्रवर्द्धनका लागि आगामी बजेटमा संस्थागत संरचना स्थापना गर्नुपर्दछ ।



## १०.११ अगरबत्ती उद्योगका सन्दर्भमा

विराटनगर क्षेत्र तथा आसपासमा सञ्चालनमा रहेका ८० भन्दा वढी साना तथा घरेलु स्तरका अगरवत्ती उद्योगहरुका साथै सयौंको संख्यामा घरमै संचालनमा रहेका स्वदेशी अगरवत्ती उद्योगहरुले ५ हजारभन्दा वढीलाई रोजगार उपलब्ध गराउदै आयातित अगरवत्तीसंग प्रतिस्पर्धा गर्दै उत्पादनलाई निरन्तरता दिदै आएका छन । हाल तयारी वस्तुको आयात र कच्चा पदार्थको आयातमा लाग्ने भन्सार तथा अन्त:शुल्क समान भएकोले कच्चा पदार्थ आयात गर्ने उद्योगहरु धारासायी भएका छन तषर्थ, कच्चा पदार्थ र तयारी मालको बिचको भन्सार दर कम्तीमा २ तहको फरक कायम गरि स्वदेशी उद्योगलाई प्रवर्धन गर्नु पर्ने ।

| करको शिर्षक | कच्चा पदार्थ आयातमा (HS Code 3307.41.00) | तयारी वस्तु आयातमा (HS Code 3307.41.00) |
|---|---|---|
| भन्सार महशुल | १० प्रतिशत | १० प्रतिशत |
| अन्त:शुल्क | १५ प्रतिशत | १५ प्रतिशत |
| भ्याट | १३ प्रतिशत | १३ प्रतिशत |



# नव वर्ष २०८० को

सुखद उपलक्ष्यमा यहाँहरुको
सुख, शान्ति, सुस्वास्थ्य, तथा समृद्धिका लागी
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुयश प्याकुरेल, अध्यक्ष
तथा
उद्योग संगठन मोरङ, परिवार